# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, असार २० गते, २०७८ साल (अतिरिक्ताङ्क ५

## भाग २

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश सञ्चार माध्यम व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०७८**

प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम २ मा संशोधन</u>**: प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) मा रहेको "सम्झनु पर्छ ।" भन्ने शब्दहरुपछि "सो शब्दले रेडियो उपकरण प्रयोग गर्नका लागि प्रदान गरिएको अनुमतिपत्र समेतलाई बुझाउँछ ।" भन्ने शब्दहरु थपिएको छ।

३. **<u>मूल नियमावलीमा नियम ५क. थप</u>**: मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क. थपिएको छः-

"**५क. <u>रेडियो उपकरण अनुमति सम्बन्धी व्यवस्था</u>**: (१) ऐन बमोजिम प्रसारण इजाजत प्राप्त गरेका प्रसारण संस्थाले रेडियो उपकरण अनुमतिका लागि अनुसूची-१ग. बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिएका प्रसारण संस्थालाई अनुसूची २ बमोजिमको दस्तुर लिई अनुसूची-३ग. बमोजिमको ढाँचामा रेडियो उपकरण अनुमतिपत्र प्रदान गर्नेछ।

(३) रेडियो उपकरण अनुमतिपत्र प्रदान गर्नु पूर्व कार्यालयले सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ ।"

४. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (२) मा रहेको "दश प्रतिशतले" भन्ने शब्दहरु पछि "र रेडियो उपकरण अनुमतिपत्र लिँदा लाग्ने दस्तुरको पचास प्रतिशतले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ,-

"(४) नियम ५ को उपनियम (२) बमोजिम तोकिएका शर्त विपरीत ऐनमा उल्लिखित म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैटौं एक महिनादेखि शत प्रतिशत जरिबाना समेत लिई इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।"

(३) उपनियम (७) मा रहेको "एफ. एम. रेडियोको हकमा अनुसूची-१क. र केवल टेलिभिजनको हकमा अनुसूची-१ख." भन्ने शब्दहरुको सट्टा "अनुसूची-४क." भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>मूल नियमावलीमा नियम ७क. थप</u>**ः मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः-

"**७क.** **<u>क्षमता विस्तारः</u>** (१) ऐनको दफा १८ बमोजिम प्रदेश वा स्थानीय तहमा सञ्चालनमा रहेका कुनै प्रसारण संस्थाले एफ.एम. रेडियोको क्षमता विस्तार गर्न चाहेमा त्यस्तो प्रसारण संस्थाले अनुसूची-१क. बमोजिमको निवेदन सञ्चार रजिष्ट्रारको कार्यालयमा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले प्रदेश र स्थानीय तहहरूलाई रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउन प्रचलित कानून बमोजिमको प्रक्रिया अगाडि बढाउनेछ ।"

६. **<u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश यथावत राखी सो उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) ऐनको दफा १३ बमोजिम प्रसारण संस्थाले कार्यक्रम उत्पादन, प्रसारण र वितरण गरी सञ्चालन गर्न चाहेमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशत रकम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बापत प्रदेश सरकारको राजश्व खातामा बुझाई अनुसूची-५क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**स्पष्टीकरणः** यस उपनियमको प्रयोजनको लागि "कुल आम्दानी" भन्नाले सम्बन्धित प्रसारण संस्थाले एक आर्थिक वर्षमा आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा बुझाएको आय विवरणमा यकिन भएको ऋण तथा सापटी बाहेक प्राप्त गरेको जुनसुकै रकम सम्झनु पर्छ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थप गरिएको छः-

"(२क) उपनियम (१) बमोजिम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बापत आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रदेश सरकारको राजश्व खातामा नबुझाएमा सो अवधिपछि पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैटौं एक महिनादेखि शत प्रतिशत जरिबाना लाग्नेछ।"

(३) उपनियम (४) र (५) हटाइएको छ ।

७. **मूल नियमावलीमा नियम ८क. थप**: मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छः-

"८क. **अन्य प्रदेशमा सञ्चालित प्रसारण संस्थाले प्रदेशभित्र प्रसारण गर्ने सम्बन्धी व्यवस्था**: (१) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका प्रसारण संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी वा नराखी छुट्टै स्टेशन स्थापना गरी प्रचलित कानून बमोजिम कार्यक्रम प्रसारण गर्न चाहेमा इजाजतको लागि अनुसूची-१क. बमोजिम निवेदन दिनु पर्नेछ।

(२) प्रदेशको क्षेत्राधिकारभित्र पर्ने सञ्चार माध्यम सञ्चालन गर्ने सम्बद्ध सञ्चार संस्थाले प्रदेशको क्षेत्राधिकारभित्र पर्ने बाहेकका सञ्चार माध्यम वा अन्य व्यवसाय समेत गर्ने गरी संस्था दर्ता गरेको भए रोयल्टी बुझाउने प्रयोजनको लागि सम्बन्धित सञ्चार माध्यमको अलग्गै लेखा परीक्षण प्रतिवेदन वा संयुक्त लेखा परीक्षण भए सम्बन्धित सञ्चार माध्यमको अलग्गै कुल आम्दानी जनिएको लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्रसारण अनुमति प्राप्त गर्ने सञ्चार संस्थाको इजाजत र नवीकरण तथा अन्य व्यवस्था नयाँ इजाजत लिने प्रसारण संस्थालाई हुने सरह हुनेछ।"

८. **मूल नियमावलीको नियम १५ मा संशोधन**: मूल नियमावलीको नियम १५ को,-

(१) नियम १५ को नियम शीर्षकमा भएको "अभिलेखीकरण" भन्ने शब्द अघि "दर्ता र" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (१) मा रहेको "पत्रकारिता" भन्ने शब्दहरुपछि "दर्ता गरी सञ्चालन" र "उल्लेख गरी" भन्ने शब्दहरुपछि "अनुसूची-२ बमोजिमको दस्तुर संलग्न गरी" भन्ने शब्दहरु थपिएका छन् ।

९. **<u>मूल नियमावलीको नियम १७ मा संशोधन</u>**: मूल नियमावलीको नियम १७ को,-

(१) उपनियम (२) मा रहेको "रजिष्ट्रारले" भन्ने शब्दपछि "दर्ता गर्दा लाग्ने शुरु दस्तुरको पचास प्रतिशत शुल्क लिई" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) बमोजिमको अवधिभित्र नवीकरण नगरेमा सो अवधिपछि पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैटौं एक महिनादेखि शत प्रतिशत जरिबाना लिई नवीकरण गर्न सक्नेछ ।"

१०. **<u>मूल नियमावलीको नियम २० मा संशोधन</u>**: मूल नियमावलीको नियम २० मा रहेको "वा" भन्ने शब्दहरु पछि "नवीकरण जनाउने पाना समाप्त भएमा वा" भन्ने शब्दहरु राखिएका छन् ।

११. **<u>मूल नियमावलीको नियम २१ मा संशोधन</u>**: मूल नियमावलीको नियम २१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) कसैले इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेख विवरण मध्ये कुनै विवरण बदल्न चाहेमा इजाजतपत्रको हकमा निवेदन दर्ता गर्दा लाग्ने दस्तुर र अनुमतिपत्रको हकमा "एक सय रुपैया" दस्तुर संलग्न गरी सञ्चार रजिष्ट्रार समक्ष अनुसूची-१३क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

<u>**स्पष्टीकरणः**</u> यस उपनियम प्रयोजनको लागि "विवरण" भन्नाले इजाजतपत्रको हकमा सञ्चार संस्थाको नाम, कलसाइन, र ठेगाना, प्रसारण केन्द्र जस्ता सामान्य विवरण र अनुमतिपत्रको हकमा रेडियो ट्रान्समिटर र सोसँग सम्बन्धित अन्य उपकरण सम्झनु पर्छ।"

**१२.** <u>**मूल नियमावलीको नियम २३ मा संशोधनः**</u> मूल नियमावलीको नियम २३ को उपनियम (२) को खण्ड (ग) को,-

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः-

"(२क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा उर्तीण भई नियमित रुपमा प्रकाशित वा प्रसारित हुने कुनै सञ्चार माध्यममा समाचार संकलन तथा सम्पादन सम्बन्धी कम्तीमा बीस वर्ष निरन्तर काम गरेको वा स्तम्भ लेखन कार्य गरेको पुष्ट्याई गर्ने कागजात,"

(२) उपखण्ड (३) मा रहेको "उपनियम (२) को खण्ड (ग) को उपखण्ड (२)" भन्ने शब्दहरुको सट्टा "उपखण्ड (१), (२) र (२क)" भन्ने शब्दहरु राखिएका छन् ।

**१३.** <u>**मूल नियमावलीको नियम २८ मा संशोधनः**</u> मूल नियमावलीको नियम २८ को,-

(१) उपनियम (१) मा रहेको "प्रदेशभर" भन्ने शब्द हटाइएको छ ।

(२) उपनियम (२) हटाइएको छ ।

१४. **<u>मूल नियमावलीको नियम ३० मा संशोधन</u>**: मूल नियमावलीको नियम ३० को उपनियम (१) मा रहेको "नियमावली वा" भन्ने शब्दहरु पछि "अनुमतिपत्रमा वा" भन्ने शब्दहरु थपिएको छ।

१५. **<u>मूल नियमावलीको नियम ३५ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३५ को साविकको व्यवस्थालाई उपनियम (१) बनाई त्यसपछि देहायको उपनियम (२), (३), (४) र (५) थपिएको छः-

"(२) सूचना बैंकले ऐन तथा उपनियम (१) बमोजिमको प्रक्रियाबाट सूचना सङ्कलन, प्रशोधन र वितरणको लागि थप जनशक्ति आवश्यक परे सोको व्यवस्थापनको लागि निर्देशक समितिबाट निर्णय गरी कार्यालयले मन्त्रालयको सहमति लिई आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम जनशक्तिको व्यवस्थापनको लागि मापदण्ड बनाउँदा देहायको आधार लिनु पर्नेछः-

(क) जनशक्तिको व्यवस्थापन कार्यसम्पादनमा आधारित हुनु पर्ने,

(ख) सूचना संङ्कलनको लागि खटिने जनशक्तिलाई पारिश्रमिक उपलब्ध गराउनु पर्ने भए संङ्कलित सूचनाको प्रकृति, भार, प्रभावकारीता, समय सान्दर्भिकता, औचित्यता, आवश्यकता समेतलाई आधार मानी सूचनाको मूल्य निर्धारण गरी सोही अनुरुप पारिश्रमिक निर्धारण गर्ने ।

(४) सूचना बैंकमा प्राप्त भएका सूचना वितरण गर्ने, ग्राहक बनाउने, सूचनाको पहुँचको संयन्त्र एवं अन्य सञ्चार

माध्यमलाई विक्री वितरण सम्बन्धमा निर्देशक समितिले उपनियम (२) को अधिनमा रही आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

(५) सूचना बैंकको सचिवालय सञ्चार रजिष्ट्रारको कार्यालयमा रहने छ ।"

१६. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>**: मूल नियमावलीको,-

(१) अनुसूची-२ को,-

(क) क्रम संख्या १. को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) रेडियो उपकरणको अनुमतिपत्र बापतको दस्तुरः-

- १०० वाट भन्दा माथि ५०० वाटसम्मको लागि -पाँच हजार रुपैयाँ
- ५०० वाट भन्दा माथि १००० वाटसम्मको लागि -दश हजार रुपैयाँ"

(ख) क्रम संख्या ४. को,-

(१)खण्ड (क) को उपखण्ड (ई) पछि देहायको उपखण्ड (उ) थपिएको छः-

"(उ) अन्य पत्रकारको लागि -तीन सय रुपैयाँ"

(२) खण्ड (ङ) "व्यवस्थापक" शब्दपछि "सम्पादक र सञ्चालक" शब्दहरु थपिएको छन्।

(ग) क्रम संख्या ४. पछि देहायको क्रम संख्या ५. थप गरिएको छः-

"५. अनलाइन दर्ता प्रमाणपत्र दस्तुर -एक हजार रुपैयाँ"

१७. **मूल नियमावलीमा अनुसूची थप**: मूल नियमावलीको,-

(१) अनुसूची-१ख. पछि यसैसाथ संलग्न अनुसूची-१ग. थपिएको छ ।

(२) अनुसूची-३ख. पछि यसैसाथ संलग्न अनुसूची-३ग. थपिएको छ ।

(३) अनुसूची-४ पछि यसैसाथ संलग्न अनुसूची-४क. थपिएको छ।

(४) अनुसूची-५ पछि यसैसाथ संलग्न अनुसूची-५क. थपिएको छ।

(५) अनुसूची-१३. पछि यसैसाथ संलग्न अनुसूची-१३क. थपिएको छ ।

अनुसूची- १ग.

(नियम ५क. को उपनियम (१) सँग सम्बन्धित)

**रेडियो उपकरण अनुमतिपत्रको निवेदन ढाँचा**

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश ।

देहायका रेडियो उपकरण राख्न तथा प्रयोग गर्नाका लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो उपकरणको अनुमति पाउनको लागि अनुरोध गर्दछु।

१. रेडियो उपकरण प्रयोग गर्नको उद्देश्य एवं कारणः

२. प्रयोग गर्ने स्थानः

३. प्रयोग गरिने फ्रिक्वेन्सीः

४. रेडियो उपकरणको विवरणः

(क) निर्माताः

(ख) मोडेल नं.

(ग) सिरियल नं.

५. स्टेशनको प्रकारः

६. प्रयोग गरिने प्रणालीको प्रकारः

७. प्रयोग गरिने समयः

८. अन्य विवरणः

निवेदककोः
सही :
नाम :
संस्थाको नामः
ठेगानाः
मिति :

अनुसूची- ३ग.

(नियम ५क. को उपनियम (२) सँग सम्बन्धित)

**<u>रेडियो उपकरण अनुमतिपत्र</u>**

देहायका व्यक्ति वा संस्थालाई निम्न लिखित शर्तहरु पालना गर्ने गरी निम्न विवरणको रेडियो उपकरण राख्न तथा प्रयोग गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ।

१. व्यक्ति वा संस्थाको नामः

२. ठेगानाः

३. अनुमतिपत्र नं.:

४. प्रयोग गरिने स्थानः

५. प्रयोगको उद्देश्यः

६. प्रयोग गरिने फ्रिक्वेन्सी :

७. प्रसारण क्षमताः

८. रेडियो उपकरणको विवरणः

| S.N. | Details | Transmitter | Antenna | Cavity Filter |
|---|---|---|---|---|
| 1. | Manufacturer: | | | |
| 2. | Model: | | | |
| 3. | Serial No. | | | |
| 4. | Power | | | |
| 5. | No. of set: | | | |
| 6. | Gain/Bandwidth: | | | |

९. प्रयोग गरिने मितिः

१०. स्टेशनको प्रकारः

११. प्रयोग गरिने प्रणालीः

१२. प्रयोग गरिने समयः

१३. अनुमतिपत्रवालाले पालना गर्नुपर्ने शर्तहरुः

(क)

(ख)

अनुमिति प्रदान गर्ने अधिकारीकोः

सही :

नाम :

दर्जाः

मिति :

## पछाडी पट्टी

### नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुसूची -४क.

(नियम ७ को उपनियम (७) सँग सम्बन्धित)

**प्रसारण संस्थाले (एफ.एम. रेडियो/केबल टेलिभिजन) सञ्चार माध्यम नवीकरणका लागि दिइने निवेदनको ढाँचा**

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश ।

...................... (प्रसारण संस्थाको नाम) ले मिति ...........................मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्र नं..................आ.व.........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं......................) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौं ।

.....................
निवेदक

अनुसूची-५क.

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाएको निवेदनको ढाँचा**

श्री सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश ।

विषयः प्रसारण तथा वितरण शुल्क बुझिलिने बारे ।

.........................................................................(संस्थाको नाम र ठेगाना) इ.प्र.नं. ................................. प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम ८ को उपनियम (१) बमोजिम आ.व ................. को प्रसारण तथा वितरण शुल्क देहाय अनुसार संलग्न गरी पेश गरेको छु/छौं ।

१. लेखा परीक्षक प्रतिवेदन अनुसार कुल आय अङ्कमा रु. ...............................(आ.व.)
अक्षरमा रु. .............................................(आ.व.)

२. कुल आयको दुई प्रतिशत ले हुन आउने रकम रु अङ्कमा रु. .....................(आ.व.)

अक्षरमा रु. ..........................................(आ.व.)

मिति .............................................

उपयुक्त व्यहोरा ठीक साँचो हो । उक्त विवरणमा कुनै फरक पर्न गएमा नियमानुसार लाग्ने शुल्क तथा दण्ड तिर्ने छु/छौं ।

निवेदकः

नामः

सम्पर्क नं.

अनसूची -१३क.

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

**इजाजतपत्र/अनुमतिपत्रमा उल्लिखित विवरण बदल्नको लागि दिइने निवेदनको ढाँचा**

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश ।

......................(प्रसारण संस्थाको नाम) ले मिति ............................मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्र नं. ............. मा उल्लिखित विवरणहरु मध्ये देहायका विवरणहरु ............................ कारणले बदल्नु पर्ने भएकोले प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम २१ को उपनियम (१) बमोजिम लाग्ने दस्तुर सहित इजाजतपत्र/अनुमतिपत्रको सक्कलै प्रति संलग्न गरी यो निवेदन गरेको छु/छौं।

विवरण बदल्नु पर्ने कुराहरु

(क)

(ख)

(ग)

(घ)

निवेदकको
सहीः-
नामः-
ठेगानाः-
मितिः-

**आज्ञाले,**
**मदन भुजेल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.१०।-